# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०४/०४ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------------

जिल्ला हुलाक कार्यालय, रौतहटका तत्कालिन कार्यालय प्रमुख नायव सुब्बा प्रेमलाल झा समेतले हुलाक बचत बैंकको रकम हिनामिना गरेको भनि हुलाक सेवा विभागबाट प्रतिवेदन प्राप्त भएको सम्बन्धमा अनुसन्धान हुंदा सोही कार्यालयका तत्कालिन कार्यालय प्रमुख(नायब सुब्बा) प्रेमलाल झा, तत्कालिन लेखापाल उमेश कुमार घिमिरे र नायब सुब्बा हरदेव प्रसाद साहले आपसी मिलेमतोमा जिल्ला हुलाक कार्यालय रौतहटमा संचालित हुलाक बचत बैंकमा गोश्वारा भौचर नउठाई बैंक नगदी किताबमा प्रबिष्ट नगरी, खातावालहरुको बचत पासबुकमा चढाई तर प्रत्येक दिनको कारोबार देखिने दैनिक किताबमा नचढाई खातामा जम्मा भएको रकम हिनामिना गरि आफूहरुलाई गैरकानूनी लाभ पुर्याउने र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुर्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर पुष्टी हुन आएको हुँदा उक्त कार्यमा संलग्न तपसिलमा उल्लिखित निम्न ३ जना ब्यक्तिहरु उपर कसुरको मात्रा अनुसार कैद सजाय र बिगो बमोजिम जरिवाना र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदावी लिई आज बिशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | कार्यालयको पद | नाम थर | कार्यालयको नाम | विगो | ऐन |
|---|---|---|---|---|---|
| १ | तत्कालिन कार्यालय प्रमुख (नायब सुब्बा) | प्रेमलाल झा | जिल्ला हुलाक कार्यालय, रौतहट | रु. ६२,६५,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) (ज) |
| २ | तत्कालिन लेखापाल | उमेश कुमार घिमिरे | जिल्ला हुलाक कार्यालय, रौतहट | रु. २९,५०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) (छ) |
| ३ | नायब सुब्बा | हरदेब प्रसाद साह भनिने हर देव साह | जिल्ला हुलाक कार्यालय, रौतहट | रु. ९५,७६,१७३/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१) (ज) |

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता